# न्यूयोर्क राज्यमा
# तपाईंका भाषिक पहुँचसम्बन्धी अधिकारहरू






NEW YORK STATE | Office of General Services
Office of Language Access

## न्युयोर्क प्रान्तको भाषिक पहुँच कानुन

न्युयोर्कवासीहरू 800 भन्दा बढी भाषा बोल्छन् । तपाईंले अङ्ग्रेजी भाषामा जतिसुकै राम्रोसँग सञ्चार गर्नुभए पनि, सबै न्युयोर्कवासीहरूले सरकारी सेवा र लाभहरूमा पहुँच राख्न सकून् भनी सुनिश्चित गर्न गभर्नर क्याथी होचलले न्युयोर्क राज्यको भाषिक पहुँच नीतिलाई कानुन बनाउन हस्ताक्षर गर्नुभयो र राज्यको भाषिक पहुँच कार्यालय (Office of Language Access) गठन गर्नुभयो । यस कानुनअन्तर्गत न्युयोर्क राज्यका एजेन्सीहरूले यसलाई कुशलतापूर्वक र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने कुरा सुनिश्चित गर्नका लागि सामान्य सेवा कार्यालय (Office of General Services) अन्तर्गतको भाषिक पहुँच कार्यालय जिम्मेवार रहने छ ।

### कानुन अन्तर्गत, जनतालाई सेवा वा लाभहरू प्रदान गर्ने न्युयोर्क प्रान्तीय एजेन्सीहरूले:

1. अमेरिकी साङ्केतिक भाषा (American Sign Language, ASL) लगायत उनीहरूको मुख्य भाषामा सेवा वा लाभहरू प्राप्त गर्ने व्यक्तिलाई दोभासे सेवाहरू प्रदान गर्नुपर्ने छ ।
2. अङ्ग्रेजी राम्रोसँग नबोल्ने न्युयोर्कवासीहरूले बोल्ने शीर्ष 12 भाषाहरूमा तिनका सेवा वा लाभहरूसँग सम्बन्धित महत्त्वपूर्ण कागजातहरू अनुवाद गर्नुपर्ने छ । एजेन्सीहरूले भाषिक पहुँचसम्बन्धी कानुनमा व्यवस्था गरिएको मापदण्डका आधारमा आफ्ना महत्त्वपूर्ण कागजातहरूलाई थप चार भाषाहरूमा पनि अनुवाद गर्ने निर्णय गर्न सक्छन् ।
3. एक जना भाषिक पहुँच संयोजक (Language Access Coordinator) छनोट गर्नुपर्ने छ, जसले उनीहरूको एजेन्सीले भाषिक पहुँचसम्बन्धी कानुनको पालना गरिरहेको सुनिश्चित गर्नका लागि भाषिक पहुँच कार्यालयसँग सहकार्य गर्ने छ ।
4. उनीहरूको भाषिक पहुँचसम्बन्धी योजना (Language Access Plan) उनीहरूको एजेन्सीको वेबसाइटमा पोस्ट गर्नुपर्ने छ र यसलाई प्रत्येक दुई वर्षमा अद्यावधिक गर्नुपर्ने छ ।

भाषिक पहुँच कार्यालयले प्रत्येक वर्ष यी सेवाहरूको बारेमा एउटा रिपोर्ट प्रकाशन गर्दछ ।

भाषिक पहुँच कार्यालय, भाषिक पहुँचसम्बन्धी कानुनअन्तर्गत समेटिएका एजेन्सीहरूको बारेमा थप जानकारी प्राप्त गर्न र भाषिक पहुँच सेवाहरू प्राप्त गरेको आफ्नो अनुभवको बारेमा प्रतिक्रिया पेस गर्न **languageaccess.ny.gov** मा जानुहोस् ।

अङ्ग्रेजी भाषा राम्रोसँग नबोल्ने 25 लाख न्युयोर्कवासीहरू छन् । अङ्ग्रेजीबाहेक, न्युयोर्कमा प्रायः बोलिने शीर्ष बाह्र भाषाहरू निम्नानुसार छन्:

- अरबी
- बङ्गाली
- चीनियाँ (क्यान्टोनिज र मन्डारिन लगायत)
- फ्रान्सेली
- हायसियन क्रियोले
- इटालियन
- कोरियाली
- पोलिस
- रुसी
- स्पेनी
- उर्दू
- यिद्दिस

**तपाईंको “I Speak”(म बोल्छु) कार्ड कसरी प्रयोग गर्ने**

यस ब्रोसरसँगसँगै, तपाईंले “I Speak”(म बोल्छु) कार्ड प्राप्त गर्नुपर्ने हो । तपाईं यसलाई आफूले रुचाएको भाषा पहिचान गर्न प्रयोग गर्न सक्नुहुन्छ । तपाईं आफ्नो कार्ड आफूसँगै बोक्न र भाषिक पहुँचसम्बन्धी कानुनअन्तर्गत पर्ने कुनै पनि न्युयोर्क प्रान्तीय एजेन्सीबाट सेवा वा लाभहरूका लागि अनुरोध गर्दा त्यहाँका कर्मचारीहरूलाई देखाउन सक्नुहुन्छ । यसले एजेन्सीका कर्मचारीहरूलाई तपाईंका लागि सही दोभासे कसरी प्राप्त गर्ने भनेर बुझ्न मद्दत गर्ने छ । तपाईं आफ्नो फोनमा कार्ड डाउनलोड गर्न पनि सक्नुहुन्छ—तलका चरणहरू पालना गर्नुहोस्।

**कार्ड आफ्नो फोनमा डाउनलोड गर्ने तरिका:**

1. QR कोड स्क्यान गर्नुहोस्।
2. सूचीबाट आफ्नो भाषा छान्नुहोस् ।
3. यसलाई आफ्नो फोनमा सुरक्षित गर्न सिरानको दायाँ कुनामा रहेको आइकनमा क्लिक गर्नुहोस् ।
4. तपाईं प्रान्तीय एजेन्सीहरूबाट सेवा वा लाभहरू प्राप्त गर्न जानुहुँदा कार्ड खोल्नुहोस् र कर्मचारीहरूलाई देखाउनुहोस् ।

**के तपाईंलाई थाहा छ...?**

अमेरिकी साङ्केतिक भाषा (American Sign Language, ASL) संयुक्त राज्य अमेरिका र क्यानडाका धेरै मानिसहरूको प्रमुख भाषा हो । ASL अमेरिकाका श्रवणहीन र राम्ररी सुन्न नसक्ने व्यक्तिहरूले प्राय: सङ्केत गर्ने साङ्केतिक भाषा भए तापनि, यो विश्वव्यापी भने होइन । बेलायती साङ्केतिक भाषा, फ्रान्सेली साङ्केतिक भाषा वा चिनियाँ साङ्केतिक भाषा जस्ता विभिन्न क्षेत्रहरूमा प्रयोग हुने धेरै प्रकारका साङ्केतिक भाषाहरू छन् । साङ्केतिक भाषाहरूमा बोलिने भाषाहरू भन्दा धेरै फरक संरचना हुन सक्छ । अङ्ग्रेजीलाई दोस्रो भाषाको रूपमा सिक्ने जो कोहीले जस्तै, ASL प्रयोगकर्ताहरूलाई अङ्ग्रेजीमा संवाद गर्न गाह्रो हुन सक्छ र उनीहरूलाई न्युयोर्क प्रान्तीय एजेन्सीहरूबाट भाषिक पहुँच कानुनअन्तर्गत समेटिएका सेवा वा लाभहरू लिन खोज्दा दोभासेको सेवा पाउने अधिकार हुन्छ ।